"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

## 𑐣𑐩𑑀𑐧𑐸𑐡𑑂𑐢 𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

## ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८२/०८३
चलानी नं. : ५३५

मितिः २०८२/०८/०४
ने.सं. ११४६ थिंलाथ्व

श्री खानेपानी तथा सरसफाई उपभोक्ता समिति (नगरपालिका भित्रका सबै),
नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक।

विषयः खानेपानी तथा सरसफाई उपभोक्ता समिति सुचिकृत गर्ने सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा खानेपानी तथा सरसफाई ऐन, २०७९ को दफा ९ र खानेपानी तथा सरसफाई नियमावली, २०८१ को नियम १९ साथै नमोबुद्ध नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ को दफा ७ को व्यवस्था अनुसार यस नगरपालिका भित्र रहेका सम्पूर्ण खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई १५ (पन्ध्र) दिन भित्र नगरपालिकामा तपसिलका कागजात सहित सुचिकृत गर्नुहुन नियमानुसार सादर अनुरोध छ।

साथै सम्बन्धित निकायमा दर्ता नभई संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिले नमोबुद्ध नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ बमोजिम दर्ताका लागि यथासिघ्र नगरपालिका आवश्यक प्रकृया अगाडी बढाउनुहुन समेत नियमानुसार अनुरोध छ।

तपसिलः

१. सुचिकृतका लागि निवेदन र राजश्व तिरेको रसिद।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस।
३. खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्बन्धित निकायमा प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र र सोसँग सम्बन्धित कागजातको प्रतिलिपि।
४. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको प्रमाणित विधानको प्रतिलिपि।

प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलान्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८२/०८३

मितिः २०८२/०८/०४

चलानी नं. : ४९५

ने.सं. ११४६ थिंलाथ्व

५. खानेपानी तथा सरसफाई उपभोक्ता समितिको बहालवाला कार्यसमितिका पदाधिकारीहरुको विवरण र नागरिकताको प्रतिलिपि।

६. सेवा प्रवाहको विवरण।

७. आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन।

८. साधारणसभाको निर्णयहरु।

९. उपभोक्तावाट उठाउने शुल्क/महसुलको विवरण।

.........................................

(कृष्ण गिरी)

प्रमुख प्रशासकीय अधिकृत